# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कार्तिक २७ गते २०३० साल

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना

अन्तःशुल्क नियमहरू २०१९ को नियम १६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले अन्तःशुल्क ऐन,२०१५ को दफा ३ अन्तर्गत अन्तःशुल्क लागेका पदार्थहरू नेपाल अधिराज्यबाट विदेश निकासी भएमा आर्थिक वर्ष २०३०–३१ सम्मको लागि देहायको मालमा देहायबमोजिम र अरू माल वस्तुहरूको हकमा शत प्रतिशत अन्तःशुल्क छुट दिइएको छ ।

१. चामलमा २५ प्रतिशत अन्तःशुल्क छुट दिने ।
२. नाईलन वा कृत्रिम रेशाबाट बनेका कपडामा अन्तःशुल्क छुट नदिने ।
३. नाईलन बटनमा अन्तःशुल्क छुट नदिने ।
४. चिरान काठमा अन्तःशुल्क छुट नदिने ।
५. खाडसारी चिनीमा ५० प्रतिशत अन्तःशुल्क छुट दिने ।
६. स्टेनलेस् स्टीलका भाँडा–वर्तनमा अन्तःशुल्क छुट नदिने ।

आज्ञाले–
भरतबहादुर प्रधान
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।